# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २०] काठमाडौं, माघ २६ गते २०२७ साल [संख्या ४२

श्री ५ को सरकार

### वन मन्त्रालय

श्री ५ को सरकारले बनाएको तल लेखिएबमोजिमको वन संरक्षण (विशेष व्यवस्था) नियमहरू २०२७ सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

### वन संरक्षण (विशेष व्यवस्था) नियमावली २०२७

वन संरक्षण (विशेष व्यवस्था) ऐन २०२४ को दफा ११ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यी नियमहरूको नाम "वन संरक्षण (विशेष व्यवस्था) नियमावली २०२७" रहेको छ।

(२) यो नियमावली ऐन लागू भइसकेका जिल्ला वा क्षेत्रमा तुरुन्त प्रारम्भ हुनेछ र हाल ऐन लागू नभएका क्षेत्रमा ऐन लागू भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. परिभाषाः– विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो नियमावलीमा "ऐन" भन्नाले वन संरक्षण (विशेष व्यवस्था) ऐन २०२४ सम्झनुपर्छ।

३. बिगो कायम गर्नेः– ऐनको दफा ८ बमोजिम बिगो कायम गर्दा वन ऐन २०१८ जंगली जीवजंन्तु (संरक्षण) ऐन २०१५ र सो ऐनहरू अन्तर्गत बनेका नियमहरू बमोजिम बिगो कायम गर्नुपर्छ।

आज्ञाले–
प्रयागराज पाण्डे
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।